त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय, कीर्तिपुर

## स्नातक तह खाद्य प्रविधि (B.Tech, Food Technology) विषयको नयाँ विद्यार्थी भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना

त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका आङ्गिक क्याम्पस तथा सम्बन्धन प्राप्त कलेजहरुमा वार्षिक परीक्षा प्रणाली अनुसार पठनपाठन हुने विज्ञानतर्फ चार वर्षे स्नातक तह खाद्य प्रविधि (B.Tech, Food) कार्यक्रममा भर्ना हुन इच्छुक विद्यार्थीहरुको निमित्त २०७८ सालको लागि निम्नानुसारको नयाँ भर्ना कार्यक्रम प्रकाशित गरिएको छ। आवेदन अनलाइन माध्यमबाट निम्नानुसारले गर्नुपर्ने छ।

१ प्रवेशका लागि न्यूनतम योग्यता :

(क) त्रि.वि. वा त्यसवाट मान्यता प्राप्त शिक्षण संस्थावाट प्रविणता प्रमाणपत्र तह खाद्य/प्रयोगशाला प्रविधि वा प्रमाणपत्र तह (I.Sc.) वा उच्च माध्यमिक शिक्षा परिषद्को १०+२ (विज्ञान) वा सो सरहको परीक्षामा अंग्रेजी, गणित, भौतिक शास्त्र र रसायन शास्त्र विषयमा १००/१०० पूर्णाङ्क लिई कम्तिमा दोस्रो श्रेणी वा प्रत्येक विषयको Final Grade C ल्याई उर्तीण भएको हुनुपर्ने छ। CTEVT वाट, तीन वर्षे डिप्लोमा इन फूड एण्ड डेरी टेक्नोलोजी गर्नेको हकमा सो विषयमा दोस्रो श्रेणीमा उत्तीर्ण गरेको हुनुपर्ने छ।

(ख) विदेशी वोर्डबाट उत्तीर्ण गर्नेहरुले आइ. एस्सी वा १०+२ (विज्ञान) मा अनिवार्य अंग्रेजी, गणित, भौतिक शास्त्र र रसायन शास्त्र विषयमा १००/१०० पूर्णाङ्क लिई कम्तिमा दोस्रो श्रेणी वा कम्तीमा C ग्रेड ल्याइ उत्तीर्ण भएको हुनपर्ने छ।

(ग) A Level अध्ययन गर्नेको हकमा गणित, भौतिक शास्त्र र रसायन शास्त्र विषयमा १००/१०० पूर्णाङ्कको विषय लिई प्रत्येक विषयमा कम्तीमा D ग्रेड ल्याई उर्तीण हुनुपर्ने छ।

(घ) विदेशी शैक्षिक संस्था वा विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरबाट समकक्षता प्राप्त गरेको कागजात पेश गर्नुपर्ने छ।

२. आवेदन प्रक्रिया (**Completely Online**) :

(क) विज्ञान तथा प्रविधि अध्ययन संस्थानको Website: https:// www.tuiost.edu.np मा राखिएको प्रवेश परीक्षाको आवेदन फारम आवेदक स्वयम्ले भरी Online बाट नै सोही Website मार्फत Submit गर्नुपर्ने छ।

(ख) Website मा Online फारम २०७८।१०।०९ गते विहान १०:०० बजे देखि मिति २०७८।११।०८ गते साँझ ५:०० बजे सम्म मात्र उपलब्ध हुनेछ। तसर्थ उक्त अवधी भित्र कुनै पनि समयमा परीक्षा फारम भरी सक्न सुचित गरिन्छ। तोकिएको समय पश्चात Online फारम स्वतः बन्द हुने छ।

(ग) आवेदन फारम Internet सुविधा भएको कुनै पनि स्थानबाट तोकिएका दिनहरुमा कुनै पनि समयमा भर्न सकिने छ।

(घ) प्रवेश परीक्षा शुल्क वापतको रकम रु.१५००।-(अक्षेरुपी एक हजार पाँच सय मात्र) नेपाल भित्रको ग्वोवल आई.एम.ई.बैंक लि.को कुनै पनि शाखाबाट विज्ञान तथा प्रविधि अध्ययन संस्थान प्रवेश परीक्षाको लागि सो बैंकवाट तयार गरिएको विशेष भौंचर भरी यस कार्यालयको ग्लोवल आई.एम.ई. बैंक लिमिटेड कीर्तिपुर शाखामा रहेको खाता नं ०५०१०१००००२३ मा जम्मा हुने गरी बुझाएको हुनुपर्नेछ। साथै भर्ना पोर्टलमा रहेको अनलाइन माध्यमबाट IoST को Webpage मा दिइएको

app तथा Link प्रयोग गरेर पनि शुल्क जम्मा गर्न सकिनेछ। मार्फत पनि शुल्क जम्मा गर्न सकिने छ। Online फारम भर्दा बैंकको भौचर नम्बर वा Transaction ID number अनिवार्य रुपमा भर्नु पर्नेछ। आवेदकहरुले परीक्षा शुल्क मिति २०७८।११।०८ गते अपरान्ह ३:०० बजे सम्म दाखिला गरी सक्नुपर्नेछ र आवेदन फारम भने साँझ ५:०० बजे सम्म भरि सक्नुपर्नेछ। बैंक भौचर काटी सकेपछि परीक्षा शुल्क बापत बुझाएको रकम फिर्ता हुने छैन।

(ङ) दोब्बर दस्तुर तिरी २०७८।११।१५ गते ५:०० बजे सम्म अनलाइन मार्फत फाराम बुझाउन सकिनेछ।

(च) आवेदकले फारम भर्दा Online मा उपलब्ध निर्देशनलाई अनिवार्य रुपले पालना गर्दै जानकारीहरु तथा Upload गर्नुपर्ने सामाग्रीहरु सहित Submit गर्नुपर्नेछ। आवेदकको न्यूनतम योग्यता प्रमाणित गर्न ट्रान्सक्रिप्ट,मार्कसिट, समकक्षता प्रमाणपत्र इत्यादी आवेदकको हस्ताक्षर तथा MRP Standard फोटो लगायतका सामग्रीहरु तयार गरेपछि मात्र फारम भर्न सूचित गरिन्छ।

(छ) Online बाट परीक्षा फारम भरी Submit गरी सकेपछि तत्कालै प्राप्त हुने Acknowledgement Page Print गर्नुपर्नेछ।

(ज) मिति २०७८।११।०९ गतेदेखि Online माध्यमबाटै चरणबद्ध रुपमा प्रवेश पत्र उपलब्ध गराईनेछ। उक्त प्रवेश पत्र Download गरी Color Print गर्नु पर्नेछ। परीक्षामा सामेल हुन अनिवार्य रुपले प्रवेश पत्रसहित आफुले तोकेको जिल्ला/केन्द्रमा जानुपर्नेछ। प्रवेश पत्रको साथै आफ्नो परिचय खुलाउने फोटो सहितको ID (जस्तै नागरिकता प्रमाणपत्र वा सवारी चालक प्रमाणपत्र वा पछिल्लो शैक्षिक तहको प्रवेश पत्र) पनि ल्याउनुपर्नेछ।

३. **Online फारम भर्दा नै विद्यार्थीहरुले परीक्षा दिने जिल्ला रोज्नुपर्नेछ। ती निम्न हुनेछन्।**

(क) काठमाडौं उपत्यका
(ख) सुनसरी (मोरङ.का लागि आवेदन गर्ने समेत)
(ग) कास्की
(घ) चितवन (नवलपरासीको कलेज समेत)

४. **प्रवेश परीक्षा हुने मिति र समय :** पछि प्रकाशित गरिनेछ।

५. परीक्षा केन्द्र : पछि प्रकाशित गरिनेछ।

६. विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत चारवर्षे स्नातक तह खाद्य प्रविधि (B.Tech Food) विषयको कार्यक्रम निम्नानुसारका क्याम्पस। कलेजहरुमा सञ्चालित छन्।

| सि.न. | आंगिक क्याम्पस | निर्धारित कोटा |
|---|---|---|
| १ | केन्द्रिय प्रविधि क्याम्पस, हात्तिसार धरान | ४८ |

| सि.न | सम्वन्धन प्राप्त क्याम्पस | निर्धारित कोटा |
|---|---|---|
| १ | नेशनल कलेज अफ फुड टेक्नोलोजी, नया बजार खुसिबु | २४ |
| २ | ललितपुर भ्याली कलेज, जावलाखेल | २४ |
| ३ | पद्मश्री इ. कलेज, तिनकुने, काठमाडौं | २४ |
| ४ | गोल्डेनगेट इन्टरनेशनल कलेज, बत्तिसपुतली काठमाडौं | २४ |
| ५ | नागरिक कलेज , गैडाकोट नवलपरासी | २४ |
| ६ | पोखरा विज्ञान तथा प्रविधि क्याम्पस, पोखरा | २४ |
| ७ | विराट मल्टिपल कलेज, विराटनगर | २४ |
| ८ | निलगिरी कलेज, इटहरि | २४ |
| ९ | धरान बहुमुखी क्याम्पस, धरान | २४ |
| १० | सुनसरी टेक्नीकल कलेज , धरान | २४ |

विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको कार्यालय कीर्तिपुर २०४५

७. **प्रवेश परीक्षा सम्बन्धी जानकारी :**

क) प्रवेश परीक्षाको अंकभार १०० पूर्णांकको हुनेछ । जसमा I.Sc. / ११ र १२ वा सो सरहको पाठ्यक्रमको आधारमा निम्न विषयका Objective/Multiple Choice प्रश्नहरु हुनेछन् ।

a) Mathematics-20 Marks
b) Chemistry – 20 Marks
c) Physics – 20 Marks
d) Language Aptitude- 20 marks
e) Logical Reasoning- 5 Marks
f) Food Tech related- 10 Marks
g) General Knowledge- 5 Marks

ख) प्रवेश परीक्षाको अवधी २ घण्टाको हुनेछ ।

ग) प्रवेश परीक्षा उतिर्ण हुन पूर्णाडक्को ३५ प्रतिशत अंक प्राप्त गर्नुपर्ने छ ।

घ) प्रवेश परीक्षाको नतिजामा परीक्षार्थीहरुले बराबर अंक प्राप्त गरेमा प्रवेश परीक्षामा गणित विषयमा प्राप्त गरेको अंकको आधारमा योग्यता सूची तयार (Placement) गरिने छ । त्यहाँ पनि बराबर अंक भएमा क्रमश : रसायनशास्त्र, भौतिकशास्त्र र Language Aptitude विषयमा प्राप्त गरेको अंकलाई आधार वनाइने छ । यी सवैमा बराबर अंक भएको अवस्थामा क्रमशः तल्लो शैक्षिक तहलाई आधार वनाइने छ । यी आधारबाट प्राप्त अंकहरु प्रकाशित हुने छैनन् ।

८. **भर्ना** : नतिजा पश्चात हरेक परीक्षार्थीले आ-आफ्नो Score Sheet Download गर्नुपर्नेछ र भर्ना हुन चाहेको कलेजमा सम्पर्क राख्नुपर्ने छ ।

९. **केन्द्रिय प्रविधि क्याम्पस, धरानमा विशेष व्यवस्था :**

केन्द्रिय प्रविधि क्याम्पस, धरानको हकमा नियमित तथा डोनेशन कोटाहरुमा प्रवेश परीक्षा प्राप्ताङ.कको आधारमा विद्यार्थी भर्ना लिइने छ । नियमित र डोनेशन कोटाहरु र अन्य जानकारी क्याम्पसको फोन नं. ०२५५७०२२८ वा वेवसाइट : www.cctdharan.edu.np बाट प्राप्त गर्न सकिनेछ ।

१०. **समावेशी कोटा सम्वन्धमा** : क्याम्पस/कलेजहरुले त्रि.वि. नियमानुसार समावेशी कोटाको आधारमा भर्ना गर्नुपर्ने छ ।

मिति : २०७८।१०।६

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर २०४५

सहायक डीन